




# MIAबाट फाईदा लिऊ ! MIAसँग सहकार्य गरौ !

## मुसाशिनो इन्टरनेशनल एसोशिएशन    Musashino International Association

MIA ले एउटा सुरक्षित र खुला शहर सिर्जना गर्ने लक्ष्य राखेको छ, जहाँ सबैजना आराम र सुरक्षितसँग बस्न सक्छन् । जहाँ सबैले सक्रिय भूमिका खेली अन्तर्राष्ट्रिय शान्तितर्फ डोऱ्याउन सहयोग गर्नसक्छन् ।
त्यसको लागि, हामी विभिन्न संस्कृति भएका मानिसहरूका विचार र शक्तिहरू जम्मा गर्छौं।
हामी बहुसांस्कृतिक सहअस्तित्व र विदेशी बासिन्दाहरूको समर्थनको लागि सामुदायिक विकासमा संलग्न छौं।






## MIAको होमपेजबाट फाइदा लिऊ

बिभिन्न कार्यक्रमहरु र भोलेन्टियर गतिविधिहरुको जानकारी राखिएको छ ।
यसलाई तपाइँहरुको स्मार्टफोनमा पनि हेर्न सक्नुहुन्छ ।

| | |
|---|---|
| 日本語(にほんご) (जापानिज) | https://mia.gr.jp/ |
| English | https://mia.gr.jp/en/ |
| 中文(चाइनिज) | https://mia.gr.jp/zh/ |




**मुसाशिनो इन्टरनेशनल एसोशिएशन(MIA)**
〒180-0022 9F स्विङ बिल्डिङ्, २-१-१४, साकई, मुसाशिनो सिटी
(JR मुसाशी साकाई नोनोवा र उत्तर ढोकाबाट हिडेर १ एक मिनेट)
TEL:0422-36-4511
अफिस समय: ९:00-५: 00 मंगलवार देखी शनिबारसम्म
(आइतबार, सोमबार र सार्वजनिक बिदाहरूमा बन्दरहने छ)



# MIAमा गर्न सक्नेकुरा

## सहयोग गर्दिए हुन्थ्यो ！(विदेशीको लागी)

### ● जापानिज भाषा सिक्न चहान्छु

यहाँ जापानी भाषाको कक्षा छ। आमाबुवाले साथ आफ्ना बच्चाहरूसँग भाग लिन सक्नुहुन्छ । आमाबुबाले भाष कक्षामा सामेल भएको अवस्थामा स्वयंसेवकहरूले बच्चाहरू खेलाईदिनेछन् ताकि तपाईहरूले ढुक्क भएर पढन सक्नुहुनेछ । यहाँ प्राथमिक र जुनियर हाई स्कूलका विधार्थीहरूको लागि पनि कक्षाहरू छन्। स्वयंसेवकहरूले सार्वजनिक प्राथमिक र जुनियर हाई स्कूलका विद्यार्थीहरूलाई जापानी भाषा सिक्न र उनीहरूको स्कूलको गृहकार्य आदीमा मद्दत गर्नुहुनेछ ।



### ● सल्लाह गर्न चाहन्छु

दैनिक जीवनमा हुने कठिनाई र थाहा नभएको बिभिन्न कुराहरू सहयोग एवं मदत गर्नेछौ । तपाईहरूले यहाँ कानुनी मुद्दाहरू जस्तै विवाह, सम्बन्ध विच्छेद, निवासको स्थिति, र काम सम्बन्धी समस्याहरू, र तनाव र अनिद्रा जस्ता मानसिक समस्याहरूको लागी मनोवैज्ञानिक सल्लाहकारसँग परामर्श गर्न सक्नुहुन्छ । हामीसँग स्वयमसेवि अनुवादकहरू छन्। प्रत्येक महिनाको चौथो शनिबार कार्यक्रम संचालन गरिन्छ । त्यसमा सहभागिताको लागी कृपया पहिलेनै बुक गर्नुहोस् ।



## सहयोग गर्न / सहभागी हुनचाहन्छु

### ●सहयोग(भोलेन्टियर)गर्नचाहन्छु !

जापानी भाषा कक्षाहरूमा भाग लिइरहेकाहरूसँग अन्तरक्रिया तथा सहयोग र सहकार्य साथै संयोजक गतिविधिहरू, र अन्तर्राष्ट्रिय विद्यार्थीहरूको गृह भ्रमणहरू जस्ता गतिविधिहरू छन् ।
यहाँ स्वयंसेवक समुहिक गतिविधिहरू छन् जसले बिभिन्न कार्यक्रमहरूमा सहयोग गर्दछ जहाँ विदेशी प्रशिक्षकहरू छन् । त्यसको लागी सुरुमा सामुहिक सेमिनारम सहभागी हुनुपर्छ ।
साथै विदेशीहरूले पनि आफ्नो देश सहर र घरको खाना पकाउने लगायात बिभिन्न कला संस्कृती बारेको कक्षाहरू सञ्चालन गर्ने भोलेन्टियर पनि सकिन्छ ।



### ●बिभिन्न कला संस्कृती बुझ्न चहन्छु!

विदेशीहरूले आफ्नो गृहनगर, घरको खाना पकाउने साथै विभिन्न कला संस्कृतिहरूको परिचय गराउने जस्ता कार्यक्रमहरू पनि संचालन गर्दछौं। यस्ता कार्यक्रमहरूमा वयस्क ब्यक्तीहरूका साथै 5 बर्ष देखी प्राथमिक बिधालयको बच्चाहरू पनि सहभागी हुन सक्नेछन ।
जानकारी MIA को बुलेटिन "Musashino FRIENDs", वेब साइट , र शहरको बुलेटिन मुशासीनोमा पनि प्रकाशित छन् त्यहाँबाट पनि आवेदन दिन् सकिने छ ।
कृपया आवेदन दिनुहोस्।

